(दफा ४ तथा अनुसूची-१ को भाग-१ सँग सम्बन्धित)

# स्थानीय राजपत्र

खण्डः-५ सङ्ख्याः-०२ मितिः-२०७८।०३।११

भाग-१

पौवादुङमा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

च्याङ्ग्रे ,भोजपुर

**प्रस्तावनाः**

पौवादुङमा गाउँपालिकाको आर्थिक बर्ष २०७८।७९ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम पौवादुङमा गाउँसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः**

(१) यस ऐनको नाम **"पौवादुङमा गाउँपालिकाको विनियोजन ऐन, २०७८"** रहेको छ।

(२) यो ऐन २०७८ श्रावण १ गते शुक्रबारदेखि पौवादुङमा गाउँपालिका क्षेत्र भरि लागु हुनेछ ।

## परिच्छेद-२

## सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार

**२. आर्थिक बर्ष २०७८।७९ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०७८।७९ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लिखित चालू खर्च, पूँजीगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम **रु.३८,६०,६५,०१०।- (अड्तीस करोड साठी लाख पैसठी हजार दश रुपैया मात्र)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७८।७९ को निमित्त पौवादुङमा गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूची–१

(दफा २ सँग सम्बन्धित)

## नेपालको संविधानको धारा २२९ (२) बमोजिम
## संञ्चित कोषबाट विनियोजन हुने रकम

(रकम रु. मा)

| क्र.स | अनुदान सङ्ख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिका | **६,२७,२०,०१०** | **०** | | **६,२७,२०,०१०** |
| २ | | वडा कार्यालय | **६६,३५,०००** | **३,५३,६५,०००** | | **४,२०,००,०००** |
| ३ | | **विषयगत शाखा** | **२,७६,५१,५००** | **५,११,९३,५००** | | **७,८८,४५,०००** |
| | | • आर्थिक विकास | ७८,१७,५०० | ६०,०७,५०० | | १,३८,२५,००० |
| | | • सामाजिक विकास | १,६१,३४,००० | ४८,५०,००० | | २,०९,८४,००० |
| | | • पूर्वाधार विकास | ० | ३,७१,८६,००० | | ३,७१,८६,००० |
| | | • विपद तथा वातावरण | २०,५०,००० | १९,५०,००० | | ४०,००,००० |
| | | • सार्वजनिक सेवा तथा सुशासन | ११,००,००० | १२,००,००० | | २३,००,००० |
| | | • विधेयक (न्यायिक) | ५,५०,००० | ० | | ५,५०,००० |
| ४ | | सङ्घीय शसर्त (शसर्त, समपुरक र विषेश) | **१५,४९,००,०००** | ४,७६,००,००० | | २०,२५,००,००० |
| ५ | | ऋणको साँवा ब्याज भूक्तानी | | | | |
| ६ | | लगानी (सेयर।ऋण) | | | | |
| | **जम्मा** | | २५,१९,०६,५१० | १३,४१,५८,५०० | | ३८,६०,६५,०१०।- |

**अनुसूची-२**

**आगामी आ.व.को राजश्व अनुमान २०७८।७९**

| क्र.स | राजश्वको स्रोत | आ.व. २०७७।७८ को संशोधित अनुमान अनुमान | आ.ब. २०७८।७९ को लागि प्रस्ताव | कैफियत |
|---|---|---|---|---|
| १ | **अन्तरसरकारी वित्त हस्तान्तरण** | **२७,३९,३६,२०३।-** | **३०,४९,९५,०००।-** | |
| | **क) संघीय सरकार** | **२५४५७७२०३।-** | **२८,६०,००,०००।-** | |
| | वित्तिय समानिकरण अनुदान | ७,८९,००,०००।- | ८,३५,००,०००।- | |
| | सशर्त अनुदान (चालु) | १७,५६,७७,२०३ | १५,४९,००,०००।- | |
| | ससर्त अनुदान पुँजिगत | | १,०२,००,०००।- | |
| | समपूरक अनुदान | ० | १,२५,००,०००।- | |
| | विषेश अनुदान | ० | २,४९,००,०००।- | |
| | | | | |
| | **ख) प्रदेश सरकार** | **१,९३,५९,०००** | **१,८९,९५,०००।-** | |
| | वित्तिय समानिकरण अनुदान | ६९,९९,०००।- | ४५,९४,०००।- | |
| | सशर्त अनुदान | २३,६०,०००।- | ४४,०१,००० | |
| | समपूरक अनुदान | १,००,००,०००।— | १,००,००,०००।- | |
| | विषेश अनुदान | | | |
| | | | | |
| २ | **राजश्व बाँडाफाँड** | **६,२४,११,८५०।-** | **६,२७,२०,०१०।-** | |
| | मूल्य अभिबृद्दि कर र अन्तः शुल्क | ५,९८,०५,८५०।- | ६,०२,२७,०००।- | |
| | प्राकृतिक स्रोत रोयल्टी वाँडाफाड (बन तर्फ) | २५,०००।- | | |
| | सवारी साधन कर (प्रदेश) | २५,८१,०००।- | २४,९३,०१०।- | |
| | | | | |
| ३ | **आन्तरिक स्रोत** | **४,४१,३७,१८७.८५।-** | **१,८३,५०,०००।-** | |
| | गत आ.व.को नगद मौज्दात (अ.ल्या.) | ४,०७,७७,१८७.८५।- | १,२७,००,०००।- | |
| | आन्तरिक स्रोत (कर तथा गैरकर राजश्व) | ३३,६०,०००।- | ५६,५०,०००।- | |
| | | | | |
| | **कूल जम्मा** | **३८,०४,८५,२४०.८५।-** | **३८,६०,६५,०१०।-** | |

**राजपत्रमा प्रकाशन भएको मितिः- संवत् २०७८ साल अषाढ ११ रोज ५**

**आज्ञाले**

रमेश राई

प्रमुख प्रशासकीय अधिकृत